नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
# ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

पत्र संख्याः २०८०/८१
चलानी नः

मिति २०८०।०९।२४

## सूचना !

स्वास्थ्य तथा जनसख्या मन्त्रालयवाट मिति २०८०।०९।२३ गते कोभिड - १९ सम्वन्धी विज्ञसी प्रकाशित भएको व्यहोरा अवगत गराउदै रोजगार अनुमति प्रणाली (EPS) मार्फत द. कोरिया जानको लागि तयारी गरिरहनु भएका सम्पुर्ण नागरिकहरुले जन-स्वास्थ्यका मापदण्डहरु (भीडभाडमा नजाने, भौतिक दुरी कायम गर्ने, मास्कको प्रयोग गर्ने र सावुन पानीले हात धुने) अनिवर्य रुपमा पालना गर्न गराउन ई.पि.एस. शाखा हार्दिक अनुरोध गर्दछ।

२०८०/९/२४

शाखा अधिकृत

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)


फोन नं ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ८०/८१
चलानी नं :- २५४

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मिति : २०८०/०९/२३

## विज्ञप्ती

विषय :-

हाल विश्वका केहि देशहरुमा कोभिड-१९ संक्रमण ओमिक्रोनको नयाँ sub-variant जे एन. १ (JN.1) को जोखिम बढीरहेको र छिमेकी देशहरुमा पनि संक्रमण फैलिरहेकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निगरानी एवं सम्बन्धित देशहरुसँग समन्वय गरिरहेको छ । यसै सन्दर्भमा देशका विभिन्न भागहरूबाट विभिन्न उमेर समूहका व्यक्तिहरूबाट संकलित १६ वटा PCR तथा Antigen पोजेटिभ नमूनाहरुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मिति २०८०/९/२२ मा गरेको पछिल्लो genome sequencing प्रविधिबाट ७ वटा नमुनामा ओमिक्रोनको sub-variant जे एन.१ (JN.1) नेपालमा पहिलो पटक पुष्टि भएको जानकारी गराउंदछौ।

कोभिड-१९ को नयाँ sub-variant को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै प्रवेश बिन्दुका सम्पूर्ण हेल्थ डेस्कहरु, स्वास्थ्य कार्यालयहरूलाई मार्फत आवश्यक स्क्रीनिंग र निगरानी निरन्तर गर्नुहुन साथै, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य उपचार व्यवस्थापनको तयारी अवस्थामा रहन अनुरोध गर्दछौं।

संक्रमण र संक्रमणको फैलावट रोकथाम गर्नका लागि हामी सबै जनस्वास्थ्यको मापदण्डहरू (भीडभाडमा नजान, भौतिक दुरी कायम गर्न, मास्कको प्रयोग गर्न, र साबुनपानीले हात धुन) अनिवार्य रूपमा पालना गर्न गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैमा अपिल गर्दछ ।

..................

डा. प्रकाश बुढाथोकी

प्रवक्ता